# सुनछहरी गाउँपालिका

## कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धि कार्यविधि २०७६

**सुनछहरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**पोबाङ रोल्पा**

**५ नं प्रदेश, नेपाल**

मिति :२०७६/०५/२७

# कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धि कार्यविधि २०७६

गाउपालिकालाइ प्राप्त हुने विशेष, सर्शत एवं समपुरक अनुदानका साथै गाउपालिकाको वार्षिक रूपमा स्वीकृत भइ कार्यन्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरूवाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार संचालन एन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी सुनछहरी गाउँकार्यपालिकाले यो कार्यविधि स्विकृत गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धि कार्यविधि २०७६ रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. कन्टेजेन्सि रकम व्यवस्थापन र खर्च सम्वन्धि कार्यविधि जारी गर्नुका मुख्य उदेश्यहरू निम्नानुसार छनः**

क) योजना तथा कार्यक्रमहरूको कन्टेजेन्सि वाफतको रकमलाइ पारदर्शि र विधिवत रूपमा खर्च गर्न

ख) दफा ३ मा उल्लेखित क्षेत्रहरूमा मात्र कन्टेजेन्सि वाफतको रकम खर्च गर्न

ग) कन्टेजेन्सि वाफतको रकमलाइ एकिकृत रूपमा लगत राखी सो को योजना कार्यन्वनमा सुव्यवस्थित तवरले खर्च गर्न ।

घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न ।

ङ) कन्टेजेन्सि वाफतको रकमको यथार्थपरक विवरण अभिलेखिकरण गर्न आदि

**३ कन्टेजेन्सि रकमको व्यवस्था**

गाउपालिकाको वार्षिक स्विकृत योजना तथा कार्यक्रमहरूको नियमानुसार कट्टा गरी हुन आउने रकमलाइ एकिकृत गरी उक्त रकमलाइ दफा २ मा उल्लेख भए वमोजिमका शीर्षकहरूमा मात्र खर्च गर्न सकिनेछ ।

**४ खर्च गर्न सकिने क्षेत्रहरू**

योजना तथा कार्यक्रमहरूको कन्टिजेन्सि कट्टा रकमलाइ गाउपालिकाले देहायका शीर्षकहरूमा मितव्ययी पारदर्शि ढंगले खर्च गर्न सकिनेछ ।

क) योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासंग सम्वन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा खाना खर्च ,

ख) योजना कार्यन्वनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

ग) योजना कार्यन्वनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च

घ) तत्तकाल कार्यन्वन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरू

ङ) गाउपालिकाको निर्णय वमोजिम तोकिएको अन्य क्षेत्र

च) लेखापरिक्षण सम्वन्धि खर्च ,

छ) योजना तथा कार्यक्रम कार्यन्वयन सम्वन्धि अभिमुखिकरण तालिम गोषठि कार्यक्रम संचालनमा लाग्ने खर्च,

ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च ,

झ) स्थानिय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुसरण गरी त्यस्ता अभ्यासलाइ कार्यन्वन गर्नका लागि गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

**५ कन्टिजेन्सि रकमको खर्च प्रकृति**

योजना तथा कार्यक्रमको कुल कन्टेजेन्सि रकम मध्ये प्रशासनिक (चालु) अधिकतम ५५ र पुजिगत ४५ प्रतिशत दरले खर्च गर्न सकिनेछ ।

६ **कन्टेजेन्सि रकम एकिकृत तथा खर्च प्रणालिः**

गाउपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघिय र प्रदेश सरकारवाट प्राप्त हुने सशर्त विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरूको कन्टेजेन्सि वाफतको रकमलाइ आर्थिक वर्षको शुरूमा नै एकिकृत रूपमा हिसाव गरी सो को लागत राखिनेछ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टेजेन्सि वाफतको रकम योजना तथा कार्यक्रमको कार्यन्वयन सगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

७ **थपघढ, हेरफेर वा संसोधनः**

कार्यपालिकाले यस कार्यविधिलाइ आवश्यकता अनुसार थपघढ वा हेरफेर गरी संसोधन गर्न सकिनेछ ।

८ **वाधा अडकाउ फुकाउने अधिकार**

क) यस कार्यविधिको कार्यन्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार कार्यपालिकाको हुनेछ ।

ख) तर प्रचालित एन कानुन नियम र यस कार्यविधिको मुलभुत कुरालाइ असर गर्ने गरी वाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

९ **यसै वमोजिम भए गरेको मानिनेः**

यो कार्यविधि स्विकृत हुनुपुर्व योजना तथा कार्यक्रमहरूको कन्टेजेन्सि रकमवाट योजना कार्यन्वयनसंग सम्वन्धित भए गरेका क्रियाकलापहरू यसै निर्देशिका अनुरूप भए गरेको मानिनेछ ।